महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा "दंगाल" ज्यूले पद बहाली गरेको १ वर्षको अवधिमा सम्पादन भएका प्रमुख कार्य र प्राप्त उपलब्धी**

मिति :- २०७५/०२/०८

नेपालको संविधान बमोजिम मिति २०७४/०२/०८ गते नेपालको महालेखापरीक्षकमा नियुक्त हुनु भएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा "दंगाल" ले कार्यभार सम्हालेको मिति २०७५/०२/०७ गते १ वर्ष पूरा भएको छ। यस अवधिमा सम्पादन भएका प्रमुख कार्य तथा प्राप्त उपलब्धिहरु देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | सुधारका क्षेत्रहरु | प्राप्त मुख्य उपलब्धी |
|---|---|---|
| १ | संगठन संरचना | • संविधान र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्न र प्रदेशस्तर सम्म कार्यालय स्थापना गर्ने प्रयोजनका लागि नयाँ संगठन संरचना सहित व्यवस्थापन सर्वेक्षण गरी स्विकृतिका लागि नेपाल सरकारमा पेश भएकोमा हाल उक्त प्रस्ताव स्विकृतिका लागि अन्तिम चरणमा रहेको छ। |
| २ | कानूनी तथा नीतिगत | • नेपालको संविधान अनुसार लेखापरीक्षण ऐनलाई समयसापेक्ष र प्रभावकारी बनाउन लेखापरीक्षण विधेयक तयार भई संघीय संसदमा पेश हुने अवस्थामा रहेको छ।<br>• लेखापरीक्षणको गुणस्तर सुधार, क्षमता विकास, संगठनात्मक सुधार लगायतसँग सम्बन्धित ११० क्रियाकलापहरु समावेश गरी महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना (२०७४-२०८०) तयार गरी कार्यान्वयनमा ल्याईएको छ। |
| ३ | भौतिक पूर्वाधार | • काठमाडौंमा कार्यालय भवन निर्माणका लागि सम्मानीय राष्ट्रपतिज्यूबाट मिति २०७४।०८।१८ गते शिलान्यास भई हाल निर्माणाधिन स्थितिमा रहेको छ।<br>• कार्यालयमा तालिम हल व्यवस्थापन गर्नुको अतिरिक्त केही महानिर्देशनालयलाई बेग्लै भवनमा कार्यालय व्यवस्थापन कार्य वातावरण तयार गरिएको छ।<br>• यस अवधिमा थप ९ वटा सवारी साधन प्राप्त गरी संचालनमा ल्याइएको छ। |
| ४ | कार्य प्रणाली | • कार्यालयको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि आन्तरिक सुधारको कार्यलाई निरन्तरता दिईएको छ।<br>• समयमैं लेखापरीक्षण योजना तयार गर्ने र सम्बन्धित निकायलाई जानकारी गराउने कार्यको थालनी भएको छ।<br>• लेखापरीक्षणसँग सम्बन्धित विषय, गुनासा र अन्य क्रियाकलाप बारे कार्यालयलाई जानकारी गराउन सार्वजनिक संचार माध्यमबाट आम नागरिक समक्ष सूचना प्रवाह गरिएको छ।<br>• कार्यमूलक लेखापरीक्षणलाई केन्द्रीत गरी सोही अनुसार विषय छनौट र जनशक्ति परिचालन गर्ने कार्यको थालनी गरिएको छ।<br>• लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षण योजना, कार्यान्वयन तथा |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

| | | |
|---|---|---|
| | | प्रतिवेदन चरणमा छलफल र गुणस्तर नियन्त्रणका विधिहरुको अवलम्बन गरिएको छ ।<br>• लेखापरीक्षणका समग्र कार्यहरुमा गुणस्तर कायम गर्न नीरिक्षण तथा अनुगमन निर्देशनालयको स्थापना गरी अनुगमन कार्यलाई प्रभावकारी बनाईएको छ । |
| ५ | संस्थागत सुदृढीकरण | • लेखापरीक्षणका क्षेत्रमा सहयोग गर्न तथा महालेखापरीक्षणको ६ वर्षे कार्ययोजनाको कार्यान्वयनका लागि विश्व बैंकको सहयोगमा रु.४२ करोड खर्च गर्ने गरी महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण गर्न सम्झौता हुने चरणमा रहेको छ । |
| ६ | जनशक्ति व्यवस्थापन तथा क्षमता विकास | • कर्मचारी क्षमता विकासका लागि आन्तरिक तालिम तथा स्वदेशी कार्यक्रममा कर्मचारीहरुको सहभागिता हुने स्थितिमा वृद्धि हुँदै गएको छ ।<br>• १ वर्षको अवधिमा १०१ जना कर्मचारीहरु लेखापरीक्षणसँग सम्बन्धित वैदेशिक तालिम, गोष्ठी तथा कार्यक्रममा सहभागि भएका छन् ।<br>• हाल ३ कर्मचारी लेखापरीक्षणसँग सम्बन्धित विषयमा अध्ययनका लागि मित्रराष्ट्र चीनमा रहेका छन् । |
| ७ | वित्तीय अनुशासन र जवाफदेहिता | • नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्ब भन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिंदा महालेखापरीक्षको कार्यालयबाट वित्तिय अनुशासन पालनाको विवरण लिई वित्तिय जवाफदेहिता पालना स्तर समेतको आधार लिने कार्यको थालनी भएको छ ।<br>• निकायगत रुपमा बेरुजु सिर्जना गर्ने जिम्मेवार पदाधिकारीको समयावधि र निजको कार्यसँग सम्बन्धित बेरुजु रकम एकिन गर्ने तथा जिम्मेवार लेखा उत्तरदायी अधिकृतलाई समेत जवाफदेही बनाउन प्रतिवेदनमा नाम सार्वजनिक गरिएको छ ।<br>• विगत वर्ष देखी लेखापरीक्षण वक्यौता रहेका संस्था, कार्यालय र सार्वजनिक संस्थाको लेखापरीक्षण सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिईएको छ भने बाँकी रहेका कार्यालयको हकमा सम्बन्धित तालुक निकायलाई आवश्यक कारबाहीका लागि पत्राचार गरिएको छ । |
| ८ | संस्थागत सम्बन्ध र संचार | • संवैधानिक निकाय, लेखापरीक्षण सल्लाहकार समिति, नागरिक समाज तथा यस क्षेत्रमा क्रियाशिल अन्य अन्तराष्ट्रिय संस्थाहरुसँग सम्बन्ध बिस्तारको कार्यमा जोड दिईएको छ ।<br>• लेखापरीक्षण र वित्तीय जवाफदेहिता सम्बन्धि गतिविधिहरु समावेश गरी मासिक रुपमा लेखापरीक्षण बुलेटिनको प्रकाशन गरिएको र नियमिति रुपमा टेलिभिजन बहस गराईएको छ । |
| ९ | आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण | • आर्थिक वर्ष २०७३/७४ को संघ र स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष माननीय महालेखापरीक्षकज्यूबाट २०७४/१२/२९ मा महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन पेश गरिएको छ ।<br>• यस वर्ष सरकारी निकाय, संगठित संस्था, स्थानीय निकाय/तह, जिल्ला विकास/समन्वय समिति समेत गरी १० हजार ११ निकायको रु.४६ खर्ब ८७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

| | | |
|---|---|---|
| | | • ७३८ स्थानीय तहको बेग्ला बेग्लै प्रतिवेदन तयार गरी प्रदेशगत रुपमा र सारंश समेत प्रकाशन गरिएको छ ।<br>• लेखापरीक्षणबाट ६ हजार ६१६ सरकारी निकायतर्फ रु.१७ खर्ब ५२ अर्ब ९३ करोडको लेखापरीक्षणबाट रु.९४ अर्ब ८२ करोड अर्थात् ५.४१ प्रतिशत र स्थानीय तहतर्फ साविकका स्थानीय निकाय ३३७४ सहित ७४४ स्थानीय तहमध्ये ७३८ को रु.१ खर्ब ८० अर्ब ३१ करोडको लेखापरीक्षणबाट रु.१४ अर्ब २५ करोड अर्थात् ७.९० प्रतिशत बेरुजू कायम भएको छ ।<br>• यो वर्ष सार्वजनिक संस्था, जिल्ला विकास समिति र अन्य समिति ८९७ को रु.२७ खर्ब ५४ अर्ब ६७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यस बाहेक २१ सार्वजनिक संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराइएको छ ।<br>• गत वर्षसम्मको बाँकी बेरुजू रु.२ खर्ब २२ अर्ब ५३ करोडमा यो वर्ष रु.५२ अर्ब ९१ करोड फछ्र्यौट भई बाँकी रहेको रु.१ खर्ब ६९ अर्ब ६२ करोडमा यो वर्षको बेरुजू रु.१ खर्ब २० अर्ब ९१ करोड समेत रु.२ खर्ब ९० अर्ब ५३ करोड बाँकी रहेको छ ।<br>• लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.१४ अर्ब ९ करोड असुल भएको छ ।<br>• गत वर्ष असुल फछ्र्यौट गर्नुपर्ने बेरुजू तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अन्य रकम रु.३ खर्ब ९६ अर्ब २६ करोड रहेकोमा यस वर्षको अन्तमा रु.५ खर्ब ८ करोड पुगेको छ । |

अशोक कुमार कार्की
(सहायक-प्रवक्ता/निर्देशक)